मधेश प्रदेश सरकार

# अर्थ मन्त्रालय

मधेश प्रदेश, जनकपुरधाम

## चालु आर्थिक वर्ष २०८१/८२ सशर्त अनुदान छुट भएका स्थानीय तहलाई आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

सूचना प्रकासित मिति: २०८२/०१/०३

चालु आर्थिक वर्ष २०८१/८२ मा स्थानीय तहको लागि सशर्त अनुदान तर्फ विनियोजित बजेट कार्यान्वयनको लागि मधेश प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०८१ बमोजिम देहायको शर्तको अधीनमा रही छुट हुन गएका/रीत पूर्वक पेश नभएका स्थानीय तहबाट आयोजना तथा कार्यक्रम प्रस्ताव पेश हुन मधेश प्रदेशका सम्बन्धित स्थानीय तहको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१ आयोजना प्रस्ताव गर्नु पर्ने अन्तिम मिति: सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र र अन्तिम दिन सार्वजनिक विदा परेमा सोपछि कार्यालय खुलेको पहिलो दिन।

२ स्वीकृत सशर्त अनुदान उपलब्ध हुने रकम: प्रत्येक गाउँपालिकालाई रु ८०,००,०००।-, नगरपालिकालाई रु ९५,००,०००।-, उपमहानगरपालिकालाई रु १,२५,००,०००।– र महानगरपालिकालाई रु १,७५,००,०००।– का दरले ।

३ आयोजना प्रस्ताव गर्नु पर्ने क्षेत्र: सुख्खाग्रस्त समस्याको सम्बोधन हुने आयोजना (डिप वोरिङ/कृषि विद्युतीकरण आदि)

४ स्थानीय तहले विनियोजित बजेटको सीमाभित्र रही अनुसूची-१ बमोजिमको ढाँचामा आयोजनाको प्रस्ताव यस मन्त्रालयको विकास सहायता तथा अनुदान व्यवस्थापन शाखा वा इमेल: info.moeap@p2.gov.np मार्फत् पेश गर्नु पर्नेछ।

५ आयोजना प्रस्ताव गर्दा स्थानीय तहको आफ्नै स्रोत, समानीकरण अनुदान तथा विशेष अनुदानबाट संचालित आयोजना तथा कार्यक्रमहरु र विगतमा सम्पन्न भएका अन्य आयोजना तथा कार्यक्रमहरुसँग दोहोरो नपर्ने गरी प्रस्ताव गर्नु पर्नेछ।

६ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा यस कार्यविधिमा उल्लेख भएका व्यवस्थाका साथै सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनमा भएका व्यवस्थाको पालना गर्नु पर्नेछ।

७ आयोजनाहरुमा कन्टिन्जेन्सी वापत लागतको एक प्रतिशत भन्दा बढी राख्न पाइने छैन ।

८ आयोजना कार्यान्वयनको लागि जग्गा प्राप्त गर्नु पर्ने भएमा प्रचलित कानून बमोजिम जग्गाको स्वामित्व प्राप्त गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ ।

मधेश प्रदेश सरकार
अर्थ मन्त्रालय
जनकपुरधाम, नेपाल

९ **अनुदान रकम निकासाः** प्रदेश लेखा नियन्त्रक कार्यालय वा मातहत इकाई कार्यालयले सशर्त अनुदानको रकम सम्बन्धित स्थानीय तहलाई दुई किस्तामा निकासा दिनेछ। स्थानीय तहले पहिलो किस्ता वापतको रकम निकासा माग गर्दा स्थानीय तहको सभा वा कार्यपालिकाबाट आयोजना तथा कार्यक्रम स्वीकृत भएको प्रमाणित विवरण र खरिद योजना सहित प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालय समक्ष माग गर्नु पर्नेछ ।दोस्रो किस्ता वापतको रकम निकासा माग गर्दा सम्बन्धित आयोजना तथा कार्यक्रमको कम्तिमा पचास प्रतिशत भौतिक र वित्तीय प्रगति विवरण सहित प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालय समक्ष निकासा माग गर्नु पर्नेछ ।

१० कुनै मनासिव कारणले अनुदान रकम चालु आर्थिक वर्ष भित्र खर्च हुन नसकेमा खर्च हुन बाँकी रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

११ सशर्त अनुदानबाट संचालित आयोजना चालु आर्थिक वर्षमा सम्पन्न हुन नसकी अधुरा रहन गएमा सशर्त अनुदानबाट भुक्तानी हुने गरी आयोजना सम्पन्न गर्ने म्याद थप गर्न पाइने छैन । यस विपरित म्याद थप भएमा वा भुक्तानी बाँकी रहेमा अर्को आर्थिक वर्षमा पुनः सोही आयोजनामा बजेट विनियोजन गरिने छैन ।

१२ स्थानीय तहले राजस्व बाँडफाँट गरी प्रदेश सरकारलाई बुझाउनु पर्ने कुनै राजस्व बाँकी राखेको पाइएमा यस कार्यविधि बमोजिमको अनुदान रोक्का राख्न सकिनेछ ।

१३ सशर्त अनुदानबाट संचालित आयोजनाहरुबाट सो आयोजना लक्षित उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन नभएको पाईएमा मन्त्रालयले त्यस्तो अनुदान वापत उपलब्ध गराएको रकम आगामी आर्थिक वर्षमा प्रदान गरिने समानीकरण अनुदान रकमबाट कट्टा गर्न सक्नेछ ।

१४ यस सूचनामा उल्लेख नभएको विषयको हकमा मधेश प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०८१ र प्रचलित कानूनमा भएको व्यवस्था बमोजिम हुनेछ ।

मधेश प्रदेश सरकार
अर्थ मन्त्रालय
जनकपुरधाम, नेपाल

मधेश प्रदेश सरकार
अर्थ मन्त्रालय
जनकपुरधाम, नेपाल

अनुसूची - १

(कार्यविधिको दफा ६को उपदफा (३) सँग सम्बन्धित)

सर्शत अनुदानको लागि कार्यक्रम पेश गर्ने निवेदन फारम

१. आयोजना तथा कार्यक्रम कार्यन्वयन गर्ने स्थानीय तहको नामः

२. जिल्लाः

३ वडा नं./टोलको नामः

४. फोन, फ्याक्स र इमेलः

५. कार्यक्रम वा आयोजनाको नामः

६. कार्यक्रम वा आयोजनाको छोटकरी विवरणः

७. कार्यक्रम वा आयोजना सम्पन्न गर्न लाग्ने समयः

८. कार्यक्रम वा आयोजनाबाट लाभान्वित संभाव्य जनसंख्याः

९. कार्यक्रम र आयोजनाको कूल लागत रुः ............(अंकमा).................(अक्षरेपी)

१०. योजना तथा कार्यक्रम छनौट गरेको मितिः

११. दफा ६ को उपदफा (१) मा उल्लिखित विषयहरुः

(क) कार्यक्रमको आवश्यकता र औचित्यता,

(ख) कार्यक्रम सम्पन्न गर्न लाग्ने समय र दर विश्लेषण सहितको लागत अनुमान,

(ग) कार्यक्रमबाट लाभान्वित हुने वर्ग क्षेत्र समुदाय र कूल लाभान्वित जनसंख्याको अनुपात,

(घ) कार्यक्रम सम्पन्न भए पछि प्राप्त हुने सम्भाव्य मापन योग्य प्रतिफलको विवरण,

(ङ) समय समयमा प्रदेश सरकारले तोकेका विवरणहरु

संलग्न कागजातहरुः

१. ..............................

२. ..............................

पेश गर्ने

दस्तखतः .............

नाम, थरः ...........

पदः प्रमुख प्रशासकीय अधिकृत

मितिः.................

कार्यालयको छापः

मधेश प्रदेश सरकार
अर्थ मन्त्रालय